# ग्रेडर सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि-२०७५

## जिल्ला समन्वय समितिको कार्यालय
## झापा

जिल्ला समन्वय समिति

समन्वय समितिको कार्यालय
झापा
भद्रपुर
१ नं. प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

"ग्रेडर संचालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५"

*जिल्ला समन्वय समिति झापाबाट स्विकृत मिति : २०७५/५/१५*

*प्रस्तावना :*

जिल्ला समन्वय समितिको स्वामित्वमा हेभी इक्विपमेण्डको रुपमा एक ग्रेडर रहेको छ । साविकको जिल्ला विकास समितिलाइ जापान सरकारबाट अनुदानको रुपमा प्राप्त यो यन्त्र साविकदेखि नै भाडामा लगाउँदै आएको हो । मूलत: सडक निर्माण तथा मर्मतको क्रममा प्रयोग हुने यो साधनको जिल्ला भरीका निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको ठुलो माग रहेको छ । यसलाइ भाडामा लगाएर संचालन गर्दा जिल्ला समन्वय समितिले जिल्ला भित्रका विकास निर्माणका कार्यहरुमा प्रत्यक्ष सहयोग गर्न सक्ने देखिन्छ । तसर्थ यसको संचालनलाइ व्यवस्थित एवम् नियमित गर्न जिल्ला समन्वय समितिले यो कार्यविधि बनाइ जारी गरेको छ ।

परिच्छेद - १

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१) यो कार्यविधिको नाम "ग्रेडर संचालनलाइ व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५" रहने छ ।

२) यो कार्यविधि जिल्ला समन्वय समितिको वैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "जिल्ला समन्वय समिति" भन्नाले झापा जिल्लाको जिल्ला समन्वय समिति झापालाई जनाउनेछ ।

(ग) "स्थानिय तह" भन्नाले झापा जिल्लाका गाउपालिका तथा नगरपालिकाहरुलाइ जनाउनेछ ।

(घ) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय झापालाइ जनाउनेछ ।

(ङ) "प्रमुख" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा ३ बमोजिम निर्वाचित जिल्ला समन्वय समिति झापाको प्रमुखलाई जनाउनेछ ।

च) "जिल्ला समन्वय अधिकारी" भन्नाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९४ (३) बमोजिम जिल्ला समन्वय समितिको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउनेछ ।

(छ) "उपभोक्ता समिति" भन्नाले जिल्ला समन्वय समिति, स्थानिय तह वा नेपाल सरकार वा प्रदेश सरकारको कोषबाट लगानी हुने योजनाहरुको निर्माण, संचालन, मर्मत आदिका लागि जिल्ला समन्वय समिति, नगरपालिका वा गाउपालिका वा

वडाकार्यालयको आधिकारिक प्रतिनिधिको रोहवरमा गठित उपभोक्ता समितिलाई जनाउँनेछ ।

(ज) "ठेकेदार" भन्नाले प्रचलित सार्वजनिक खरिद कानूनको अधिनमा रहि सरकारी निकायसँग निर्माण, मर्मत वा संचालनको लागि सम्झौता गरेको निर्माण व्यवसायी, सेवा प्रदायक वा आपूर्तिकर्तालाई जनाउनेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले जिल्ला समन्वय अधिकारीलाइ जनाउनेछ ।

(ञ) "साइट" भन्नाले निर्माण वा मर्मतको कार्य भैरहेको वा हुनका लागि तोकिएको स्थानलाइ जनाउनेछ ।

(ट) "सम्बन्धित शाखा" भन्नाले ग्रेडर लगायत कार्यालयका सवारीसाधनहरुको सामान्य प्रशासनका लागि तोकिएको शाखालाइ जनाउँनेछ ।

## परिच्छेद - २

**३. भाडामा लगाउन सक्ने :**

१) जिल्ला समन्वय समितिले आफुसँग भएको ग्रेडरलाइ स्थानिय तह, उपभोक्ता समिति वा ठेकेदारलाइ दफा ४ मा तोकेको दरमा भाडामा उपलब्ध गराउन सक्नेछ ।

२) जिल्ला समन्वय समितिको ग्रेडर उपदफा (१) बमोजिम शुल्क नबुझाइ कसैलाइ उपलब्ध गरिनेछैन ।

**४. भाडादर :**

१) जिल्ला समन्वय समितिको स्वामित्वको ग्रेडरको प्रति दिन भाडादर अनुसुची १ मा उल्लेख गरे बमोजिम हुनेछ । प्रतिदिन कार्यघण्टा अधित्तम ८ घण्टा हुने छ ।

२) उपदफा (१) बमोजिम भाडा निर्धारणका लागि समय गणना गर्दा जिल्ला समन्वय समितिको कार्यालय भवनबाट ग्रेडर निष्केपछि (Exit भएपछि) देखिकै समय गणना गरिनेछ ।

३) उपदफा (२) मा जेसुकै लेखेको भएता पनि एउटा साइटमा काम सम्पन्न भए पश्चात जिल्ला समन्वय समितिको कार्यालय भवन नल्याइकन सोझै कुनै उपभोक्ता समिति वा ठेकेदारले लगेमा सो साइटबाट ग्रेडर निस्के देखिको समय गणना गरिनेछ ।

**५. भाडा संकलन :**

१) दफा ४ मा उल्लेखित भाडा बराबरको रकम जिल्ला समन्वय समितिको कार्यालयमा जम्मा गर्नुपर्नेछ । रकम जम्मा नगरीकन कुनै पनि साइटमा ग्रेडर पठाउन चलानीपूर्जी दिइने छैन ।

२) उपदफा (१) मा जेसुकै लेखेको भएतापनि स्थानीय तहबाट प्रचलित नियम बमोजिम गठित एवम् सम्झौता भएका उपभोक्ता समितिहरुलाइ सम्बन्धित स्थानीय तहको लिखित जमानीमा उपभोक्ता समितिलाइ रकम भुक्तानी दिदाँ हिसाब मिलान गरी पछि स्थानीय तहले भुक्तानी गर्ने गरी समेत ग्रेडर उपलब्ध गराउन सकिनेछ ।

३) उपदफा २ बमोजिम उपलब्ध गराईएको ग्रेडर सम्बन्धि विवरण एवं श्रेस्ता प्रशासन शाखा तथा लेखा शाखा दुवैले राख्ने छन् ।

६. सम्वन्धित शाखाको दायित्व :

१) कार्यालयको स्वामित्वमा रहेको ग्रेडर लगायतका हेभी तथा लाइट गाडिहरुको व्यवस्थापनको मुख्य जिम्मेवारी प्रशासन शाखाको सामान्य रेखदेखमा स्टोर उपशाखाको हुनेछ । कार्यालयको संगठानिक ढाँचा तयार भै स्टोर उपशाखा स्थापना नहुञ्जेल प्रशासन शाखाले नै उक्त कार्य गर्नेछ ।

२) शाखाले ग्रेडरको वार्षिक करहरु तिर्ने, विमाका कार्यहरु गर्ने तथा नियमित सरसफाइ, सर्भिसिङ्ग तथा मर्मत सम्भार गरी ग्रेडरलाइ सदैव तयारी अवस्थामा राख्नु पर्नेछ ।

३) सम्वन्धित शाखाले ग्रेडरवाट प्राप्त आम्दानी, तीनमा भएका खर्चहरु तथा इन्धनका सम्वन्धमा छुट्टाछुट्टै लेजरहरु राख्ने छ । दफा ४ वमोजिम प्राप्त आम्दानी, दफा ३ को उपदफा (२) वमोजिमको पछि शोधभर्ना हुनेगरी उपलब्ध गराएको व्यहोरा तथा दफा ७ को उपदफा (३) वमोजिम हुने यथार्थ खर्चको विवरण स्पष्ट सँग देखिने गरी लेजरमा चढाउनुपर्नेछ ।

४) उपदफा (२) वमोजिम लेजर इन्ट्रि भए पश्चात शाखाले अनुसुची २ वमोजिमको चलानी पूर्जी जारी गर्नेछ । चलानी पूर्जीमा जिल्ला समन्वय अधिकारी वा निजले तोकेको कर्मचारीले दस्तखत गर्नेछ ।

७. ग्रेडर चालकको दायित्व :

१) ग्रेडर चालक कर्मचारीले कार्यालयले तोके वमोजिमको समयमा ग्रेडर चलाउनु पर्नेछ ।

२) आफुलाइ तोकिदिएको ग्रेडरको नियमित सरसफाइ गर्ने, इन्धन, मोविल लगायतलाइ ग्रेडरको मापदण्ड वमोजिमको अवस्थामा राख्ने ।

३) ग्रेडरको नियमित सर्भिसिङ्गका लागि सम्वन्धित शाखामा माग फाराम पेश गर्ने तथा थप पाटपुर्जा फेर्नुपर्ने भएमा वा मर्मत संभार गर्नुपर्ने भएमा सो को लगत इष्टिमेट सहित सम्वन्धित शाखा मार्फत जिल्ला समन्वय अधिकारी समक्ष पेश गर्ने ।

४) दफा ६ (३) वमोजिमको चलानी पूर्जी प्राप्त नभइ चालकले ग्रेडर कार्यालय परिसर भन्दा वाहिर लाने छैन ।

५) कार्यालयले उपलब्ध गराएको लगवुक दैनिक रुपमा भरि जिल्ला समन्वय अधिकारी वा निजले तोकेको कर्मचारीवाट प्रमाणित गराइ राख्नुपर्नेछ ।

८. आन्तरिक लेखा परिक्षणको व्यवस्था :

१) जिल्ला समन्वय समितिको आन्तरिक लेखा परिक्षण शाखाले मासिक रुपमा ग्रेडरवाट प्राप्त आम्दानी र खर्चको लेखा परिक्षण गरी सोको प्रतिवेदन जिल्ला समन्वय अधिकारी समक्ष पेश गर्नेछ । जिल्ला समन्वय अधिकारीले सो प्रतिवेदन प्रमुख मार्फत जिल्ला समन्वय समितिको वैठकमा पेश गर्नेछ ।

२) जिल्ला समन्वय समितिको कार्यालयमा आन्तरिक लेखा परिक्षण शाखाको स्थापना नहुञ्जेल उपदफा (१) वमोजिमको कार्यहरु आर्थिक प्रशासन शाखाले गर्नेछ ।

९. मर्मत संभारको व्यवस्था :

१) जिल्ला समन्वय समितिले - ग्रेडरवाट उठेको रकमको १० % प्रतिसत रकम मर्मत सम्हार कोषमा र ५ प्रतिसत रकम राहस कट्टी कोषमा जम्मा गर्नु पर्ने छ । जिल्ला सभावाट प्रत्येक वर्षको वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा ग्रेडरको मर्मतका लागि कोषवाट मर्मतको रकम विनियोजन गर्नेछ ।

२) गाडिको सर्भिसिङ्ग र मर्मत गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

१०. <u>विविध</u> :

१) यस कार्यविधिमा भएको कुनै पनि विषय प्रचलित कानून सँग बाँझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

२) यस कार्यविधिको कुनै पनि विषयको थप व्याख्या गर्नुपरेमा जिल्ला समन्वय समितिको निर्णयबाट गरिनेछ ।

३) यस कार्यविधिको संशोधन गर्नुपर्ने अवस्थामा जिल्ला समन्वय समितिको बैठकले गर्नेछ ।

## अनुसूची - १
## ग्रेडर दर रेट दस्तुर

| सि.नं. | गाडिको प्रकार | ठेकेदारको लागि | स्थानिय तह वा उपभोक्ता समितिको लागि | व्यक्ति वा निजी एवम गैरसरकारी संस्थाको निजी प्रयोगका लागि | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्रेडर | प्रतिदिन रु. २२०००।- ( बाइस हजार मात्र ( ईन्धन बाहेक | प्रतिदिन रु.२०,०००।- (वीस हजार मात्र, इन्धन बाहेक | इन्धन बाहेक प्रति दिन रु.२२,०००।- (बाइस हजार मात्र) | चालक तथा सहचालक खाना/खाजा खर्च सम्बन्धित ठेकेदार वा उपभोक्ता समितिले व्यहोर्ने प्रति दिन रु.१५००।-(एक हजार पाँच सय मात्र) |

..............................................................................................................................

## अनुसुची - २
## चलानी पुर्जीको नमूना

जिल्ला समन्वय समितिको कार्यालय
भद्रपुर, झापा
ग्रेडर चलानी पूर्जी

सवारी साधनको नम्बर :
चलानी नं. ................................, चलानी मिति : ...............................
ग्रेडर चालकको नाम :
ग्रेडर प्रयोग हुने स्थान :
मिति : .................................. देखि .......................... सम्म -जम्मा दिन .........दिन । )
रकम भुक्तानीको अवस्था : ( ) भएको । रकम रु.....................
( ) भएको । स्थानीय तहबाट शोधभर्ना हुने । स्थानीय तहको नाम .......... पत्र संख्या....... च.नं.......... मिति : ................. ।

.............................
चलानीपूर्जा दिने अधिकारी

आज मिति २०७६।८।२४ गते मंगलबारको दिन जिल्ला समन्वय समिति झापाका प्रमुख श्री सोमनाथ पोर्तेल ज्यूको अध्यक्षतामा जिल्ला समन्वय समिति झापाको बोर्ड बैठक बसी निम्नानुसार निर्णय गरियो।

## उपस्थिति

1. जि.स.स. प्रमुख श्री सोमनाथ पोर्तेल
2. " उप- " श्री मीना घिमिरे (पराजुली)
3. " सदस्य श्री पदम लिम्बु
4. " " श्री चन्द्र सुब्बा
5. " " श्री मुश्किला (अधिकारी)
6. " " श्री गंगा देवी थापा
7. " " श्री जुनु नेपाली (मोहरा)
8. " " श्री माराङ हाङ्दा
9. " " श्री महेशलाल राजवंशी
10. जिल्ला समन्वय अधिकारी श्री गोपाल लिम्बु

## आमन्त्रित

1. नायव सुब्बा श्री सुर्दशन बराल
2. लेखापाल श्री ध्रुव खनाल
3. ना.सु. श्री मान बहादुर मगर

निर्णय १ जिल्ला समन्वय समिति महासंघको आयोजना मा जलवायु सम्बन्धी कार्यक्रममा जिसस प्रमुख, उपप्रमुख र सदस्य ज्यूहरु सिन्धुपाल्चोक मेलम्ची मा भाग लिन जानु भएकोले हुँदा सो बारे बैठकमा जानकारी भयो।

निर्णय नं २:- साविक जि.वि.स. बाट सडक, पुल, तथा कल्भर्ट हरु, तिनीहरु कार्य संचालन भएका आयोजनाहरु सम्पन्न-ताको लागी त्यस्ता आयोजनाहरुको फाइलहरु अपडेट गरी सम्बन्धीत निकायमा पठाउन निर्णय गरियो।

निर्णय नं ३:- साविक जि.वि.स. हाल जि.स.स. झापाको नाउँ मा दर्ता रहेको सवारी बरीपीका ...

ने ८८ नंबरको गाडी ३०६५८६१ देखि बुकुक नविकरण गर्न- एको हुँदा तत्काल बुकुक नविकरण र इन्सोरेन्स गर्ने गरी गाडी अवस्थीत गर्ने निर्णय गरियो।

समन्वय समितिको कार्यालय भद्रपुर १ नं प्रदेश नेपाल

निर्णय नं ४:- कञ्चनकवल गा.पा. बाट जिल्ला समन्वय समिति र समितिका प्रमुख ज्यू लाई विपक्षी बनाई सम्मानित उच्च अदालत विराटनगर इलाम इजलास इलाममा रिट निवेदन दर्ता गरी सम्मानित अदालत बाट लिखित जवाफ माग भएको हुँदा म्याद भित्र समिति र प्रमुख ज्यू को तर्फबाट कानून व्यवसायी सँग सम्पर्क गरी लिखित जवाफ पेश गर्न यस कार्यालयका कर्मचारी मान बहादुर मगरलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं ५:- गौरादह न.पा. वडा ४ स्थित स्कुलचोक- को विद्यालय भवन निर्माण सम्पन्नताको सार्वजनिकी- करण गर्न कार्यालयलाई संयोजन गर्ने गराउने गरी नि- र्णय गरियो।

निर्णय नं ६:- जिल्ला सभाको बैठक बोलाउनका लागि समु- चित व्यवस्थापन गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं ७:- यस कार्यालय बाट सञ्चालनमा रहेको ग्रेडर को सम्बन्धमा बजारमा ग्रेडरको प्रतिस्पर्धा बढेको हुँदा यस कार्यालय ले पनि प्रतिस्पर्धामा जानु पर्ने भएकोले ग्रेडर भाडा प्रतिदिन घटाएर रु १६,०००/- (सोह्र हजार) कायम गर्ने र मासिक रुपमा सञ्चालन गर्न माग गरेमा कार्यालय सँग आपसी सम्झौता गरी दिन सकिने र प्रयोग कर्ताले प्रयोग गर्दा ग्रेडरको दाँती भाँचिए, बिग्रिए प्रयोग कर्ताले नै नयाँ दाँती खरिद गरी दिनु पर्ने निर्णय गरियो।

निर्णय नं ८:- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रा- लय बाट जिल्ला समन्वय समितिको संगठनात्मक ढाँचा र दरबन्दीमा उल्लेख भए बमोजिम जि.स.स. प्रमुख ज्यू

# जिल्ला समन्वय समितिको कार्यालय, झापा

भद्रपुर, झापा, नेपाल

प्रमुख ४५५१६५
उप-प्रमुख ४५६६३४
जि.स.अ. ४५५०८४
शाखा अधिकृत ४५५०३४
प्रशासन शाखा ४५५७०९
फ्याक्स ४५६३९४

प.सं. २०७५।०७६
च.नं.

मिति : २०७५/९/२४

विषय : जानकारी सम्बन्धमा ।

श्री आर्थिक तथा प्रशासन शाखा
जिल्ला समन्वय समितिको कार्यालय, झापा ।

प्रस्तुत विषयमा ग्रेडर सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि-२०७५ लाई समय सापेक्ष बनाउन मिति २०७५।०९।२४ मा बसेको जि.स.स., झापाको वोर्ड बैठकको निर्णयानुसार ग्रेडर भाडादर दैनिक रु. १६०००।०० कायम गरिएको हुँदा सोही निर्णयानुसार भाडादर कायम गरी व्यवस्थापन गर्नु हुन जानकारी गराइन्छ ।

२०७५।९।२४

...............

नि. जिल्ला समन्वय अधिकारी

E-mail: info@ddcjhapa.gov.np
Website: www.ddcjhapa.gov.np